सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८२/०८३
च.नं: ५४४

मिति:२०८२।०८।२४

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारानी गाउँपालिका, प्यूठान ।

बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०८।२२ गतेको बैठकको निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.................................. २०८२।८।२४

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email :sarumarani2073@gmail.com

CamScanner

# मिति २०८२।०८।२२ गते

## गाउँकार्यपालिकाको सत्तेरिऔं बैठकका प्रस्तावहरु:

१. संघीय विशेष अनुदानका विभिन्न शिर्षकका कार्यक्रम र तालिमहरु सम्वन्धमा ।

२. ऐरावती वड्डाडा पुठाखोला सडकको भुक्तानी सम्वन्धमा।

३. खोप केन्द्र भवन मर्मत सम्वन्धमा।

४. योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

५. मर्मत संभार सम्वन्धमा

६. आर्थिक सहायता सम्वन्धमा।

७. विविध सम्वन्धमा।

- वृत्तिमार्गनिर्देशन (Career Guidance) शिक्षक तालिम खर्च सम्वन्धमा ।
- विधालय रंगरोगन सम्वन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**बैठक संख्या-७०**

**मितिः २०८२।०८।२२ गते**

## गाउँकार्यपालिकाको सत्तेरियौं बैठकका निर्णयहरु

**निर्णय नं.१ संघीय विशेष अनुदानका विभिन्न शिर्षकका कार्यक्रम र तालिमहरु सम्वन्धमा।**

प्रस्ताव न. १ माथि छलफल गर्दा संघीय विशेष अनुदान शिर्षकमा विनियोजित विभिन्न कार्यक्रम निम्नानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

- **बजेट कितावको १.२ मा उल्लेखित शिर्षकबाट** प्रा.वि.तहका अति विपन्न परिवारका बालबालिकाहरुको लागि रु. ५,००,०००/- बराबरका झोला र स्टेशनरी सामान खरिद गरी विधालय र वडा समितिको सिफारिसका आधारमा वितरण गर्ने ।
- **बजेट कितावको १.३.मा उल्लेखित** विपन्न परिवारका कृषक समूहलाई सिचाई पोखरी, गोठसुधार, विउविजन, फलफूलका विरुवा उत्पादन तथा खरिद र वितरण, नश्लसुधार कार्यक्रमहरु संचालन शिर्षकवाट नश्लसुधारको लागि उन्नत जातका बाख्रा खरिद गरी वितरण गर्ने ।
- **बजेट कितावको १.४. मा उल्लेखित** कुसुण्डा, दलित, विपन्न, अति गरिव तथा अल्पसंख्यक वर्गको लागि सीपमुलक तालिममा आधारित प्रविधि हस्तान्तरण सम्वन्धि सामाग्री सहयोग, कृषि उपकरण सहयोग शिर्षकवाट सिपमुलक तालिमको लागी रु. ३,००,०००/- र प्रविधि हस्तान्तरण सम्वन्धी सामाग्री सहयोग, कृषि उपकरणको लागि रु. १२ लाख १८ हजार विनियोजन गर्ने निर्णय गरियो। जसमध्येवाट
  - वडा नं. ६ का कुसुण्डा, दलित र विपन्न परिवारका सदस्यहरुको सिपमुलक सिलाई कटाई तालिमको लागि रु १,००,०००/-

    प्रविधि हस्तान्तरण, कृषि उपकरण शिर्षकबाट
  - दलितहरुको सीप आरन पेशा आधुनिकीकरणको लागि सामाग्री खरिद र वितरणको लागि ४,००,०००/-
  - परम्परागत वाजा मादल लगाएतका सामाग्री वनाउने व्यवसायिहरु ३ जनाकोको लागि सामाग्री सहयोग रु. ७५,०००/-
  - विपन्न समुदायका सदस्यको लागि मिनिटिलर/हाते टेक्टर लगाएतको कृषि सामाग्री खरिदको लागि रु. ६,८३,०००/-( **५० प्रतशित अनुदान)**
  - अन्य विपन्न वर्गको १ जनालाई एअर कम्प्रेसर मेसिन (३०० लि.) खरिद तथा हस्तान्तरण लागि रु. ६०,०००/- (५० प्रतिशत अनुदान)
- **बजेट कितावको १.५. मा उल्लेखित** कुसुण्डा, दलित, विपन्न, अति गरिव तथा अल्पसंख्यक वर्गको लागि कृषिमूलक ब्यसायिक तालिम, विभिन्न सीपमुलक तालिम

संचालन शिर्षकबाट वडाले सिफारिस गरेका विपन्न परिवारका सदस्यहरुलाई कृषि/पशुसेवा शाखाबाट बाख्रापालन लगाएत कृषि सम्वन्धि तालिमहरु संचालन गर्ने।

- **बजेट किताबको १.११ मा उल्लेखित शिर्षकबाट महिलाहरुको मागमा** आधारित आयआर्जन मुलक विभिन्न सिपमुलक तालिम संचालनबाट वडा नं. १ र २ का महिलाहरुको लागि ब्यूटिपालर तालिमको लागि रु. १/१ लाख र बाकी ४ वडा वडाका महिलाहरुको सिपमूलक सिलाई कटाई पुनर्ताजकी तालिम संचालन गर्ने र सोको लागि प्रति वडा १/१ लाख विनियोजन गर्ने र सम्वन्धित वडाले तालिम संचालन गर्ने ।
- **बजेट किताबको १.१३ मा उल्लेखित** युवा तथा वेरोजगार सिपमूलक तालिम संचालन शिर्षकवाट ड्राईभिङ्ग तालिम र मिनिटेलर मर्मत तालिम संचालन गर्ने ।सो को लागि सूचना प्रकाशन गर्ने ।
- **बजेट किताबको १.१८ मा उल्लेखित** विपन्न वर्गका जेष्ठ नागरिकहरुकोलागी आखा शिविर कार्यक्रम निशुल्क शल्यक्रिया तथा जेष्ठ नागरिकहरुलाई विभिन्न सामाग्रि सहयोग शिर्षकमा विनियोजन रकमवाट जेष्ठ नागरिकहरुकोलागी आखा शिविर कार्यक्रमको लागी रु. ५००००/- र जेष्ठ नागरिकहरुलाई सिरक/ब्लाङ्केट सामाग्री खरिद र वितरणको लागि रु. १,५०,०००/- छुट्टाउने ।
- अन्य कार्यक्रमहरु कार्यालयले नियमानुसार संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ ऐरावती वङ्गाडा पुठाखोला सडकको भुक्तानी सम्बन्धमा।**

- आ.व. २०८१।०८२ को बार्षिक योजना अन्तर्गतको संघीय समपुरक योजना-ऐरावती वङ्गाडा पुढाखोला दाङ्ग सडक सडक स्तरउन्नती योजना(क्रमागत अधुरो) को आ.व.२०८१।०८२ को असार मसान्त सम्पन्न कामको मिति २०८२।१।२५ मा प्रथम रनिङ्गविलबाट रु. २०,३३,५४५/- भुक्तानी भएको, मिति २०८२।३।२४ र २५ मा रनिङ्गविलबाट क्रमशः रु. ३२,४५,३३१/-र २४,७०,३३१/- र पेश्की रकम रु. ७,७५,०००/- गरी कुल रु. ८५,२४,२०७/- भुक्तानी भएको र बाकी काम सम्पन्न गरी अनुगमन/मुल्यांकनका लागि पेश भएको कागजात मिति २०८२।६।१२ गते यस कार्यालयमा दर्ता भएकोछ ।
- वाकी काम बापत यस आ.व. २०८२।०८३ मा प्राविधिक मूल्यांकन र विलका आधारमा भुक्तानी गर्नु पर्ने रकम रु. ७३,००,७०४/- गाउँपालिकाकामा दायित्व सृजना भएकोछ ।सो दायित्व वापतको रकम यस आ.व. मा कार्यान्वयन हुने संघीय र प्रदेश समपूरक योजनाबाट ठेक्का आव्हान गरी वचत हुने गाउँपालिका तर्फको वजेटबाट आंशिक रकम भुक्तानी गरी वाकी दायित्व वापतको रकम आगामी आ.व. २०८३।०८४ को वार्षिक बजेटमा सो रकम विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

- यसका साथै उक्त योजना कार्यान्वयनको ढिलासुस्तीका कारण योजना समयमै सम्पन्न नहुँदा निर्धारित समय २०८२।२।३० पछी २०८२।६।११ सम्म जम्मा १०६ दिनको सम्बन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) बमोजिम हुने गरी यस अधिको मिति २०८२।३।२६ को कार्यपालिका बैठकको निर्णय नं. २ समेतका आधारमा पूर्वनिर्धारित क्षतिपुर्ती वापत संझौता रकम रु.१,७१,२४,०९०.१८को (भ्याट सहित) दैनिक ०.०५ प्रतिशतका दरले हुन आउने रु. ८,५६२.०५ ले १०६ दिनको रु.९,०७,५७६.७८ रकम कट्टागरी अन्यदायित्व वापतको रकम नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ खोप केन्द्र भवन मर्मत सम्बन्धमा।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम खोपकेन्द्र भवन मर्मतमा विनियोजन बजेट रु.१,००,०००/- बाट प्यालिवाझ खोप केन्द्रको लागि रु. ९०,०००/- र पाङ्गवाङ्ग खोप केन्द्रको लागि रु १०,०००/- छुट्टाउने निर्णय गरियो ।

**निर्णय नं. ४ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत तपशिलका योजना तथा कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | स्वीकृत योजना तथा कार्यक्रमको नाम | बजेट | संशोधित योजनाको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ददेरी खोला चेकडयाम कुलो निर्माण योजना वडा नं. २ | १,५०,०००/- | ददेरी खोला चेकडयाम कुलो निर्माण तथा पाईप खरिद योजना वडा नं. २ | १,५०,०००/- | |
| २ | तल्लो गाउँ खा.पा.टंकी निर्माण वडा नं.६ | १,००,०००/- | धोलबाय टोल सिडी निर्माण वडा नं.६ | १,००,०००/- | |
| ३ | ज्वालामूखी प्रा.वि.फर्निचर र फिल्टर वडा नं.४ | ५०,०००/- | ज्वालामूखी प्रा.वि.फर्निचर, फिल्टर र म्याट खरिद वडा नं.४ | ५०,०००/- | |

**निर्णय नं. ५ आर्थिक सहायता सम्बन्धमा।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयबाट तपशिलका ब्यक्तिहरुलाई दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराईएकोमा उक्त सहयोगलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- सरुमारानी गाउँपालिका वडा नं ४ को पवित्रा थापाको छोरी शर्मिला थापा लाई रु. २५,०००/- आर्थिक सहयोग ।

**निर्णय नं. ६ सडक मर्मत सम्वन्धमा ।**

- यस गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत मर्मत संभार कोष शिर्षकमा विनियोजित रकमबाट यस गाउँपालिकाको वडा नं. ५ को लुकलुके-चौके मो.बा. निर्माणको लागि रु.-३,००,०००/- गर्ने निर्णय गरियो
- वडा नं. २ ~~को~~ भालुखोलाको माटो तथा ~~ग्राभेल~~ हटाउने कार्य गर्न प्राविधिकको राय तथा स्थलगत अनुगमनका आधारमा उक्त कार्यका लागी रु. ३०,०००/- मर्मत संभार शिर्षकवाट व्यहोर्ने निर्णय गरियो ।
- वडा नं ४ का राङ्छेडा अमरे मो.वा. मर्मतको लागि रु.१,००,०००/- र हपुरबेशी छतिवन दमार मो.वा. मर्मतको लागि रु. ५०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ बिबिध सम्वन्धमा।**

- बृत्तिमार्गनिर्देशन (Career Guidance) शिक्षक तालिम खर्च सम्वन्धमा ।

  बृत्तिमार्गनिर्देशन (Career Guidance) कार्यक्रम संचालनको लागि यस गाउँपालिका र हेल्भिटास नेपाल वीच भएको संम्झौता अनुसार शिक्षकहरुको क्षमता विकास तालिममा सहभागी शिक्षकहरुको लागि दैनिक यातायात खर्च वापत दैनिक रु. ५००/- ~~बजेट किताबको~~ कार्यक्रम खर्च शिर्षकवाट व्यहोर्ने निर्णय गरियो ।
- विधालय रंगरोगन सम्वन्धमा ।

यस गाउँपालिकाको श्री सरस्वती मा.वि. हंशपुर चाभाको विधालय मर्मत तथा रंगरोगनको लागि बजेट किताबको विधालय मर्मत तथा रंगरोगन शिर्षकबाट रु. ३००००/-उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०८/२३